# संस्थागत कृषिचलनको गणना २०७८

**परिचय**

नेपालमा पहिलो कृषिगणना २०१८ सालमा सम्पन्न भै प्रत्येक दश/दश वर्षमा हुदैआएको राष्ट्रिय कृषिगणनाको सातौं श्रृंखला २०७८ केन्द्रीय तथ्याङ्क विभागले सञ्चालन गरिरहेको छ। विगतका कृषिगणनाहरुमा गैर घरपरिवारले संस्थागत रुपमा संचालन गरेका कृषि क्रियाकलापसम्बन्धी बिवरणहरु संकलन नगरी घरपरिवारले सञ्चालन गरेका कृषि क्रियाकलापसम्बन्धी विवरणहरु मात्र संकलन गर्ने गरिएको थियो। यस कृषिगणनामा यी दुवै क्षेत्रबाट गरिने कृषि क्रियाकलापसम्बन्धी विवरणहरु संकलन गर्न लागिएको छ।

**संस्थागत कृषिचलन गणनाको उद्देश्य**

राष्ट्रिय कृषिगणना २०७८ को पुरक अंगको रुपमा रहेको घर परिवारबाहेकका संस्थागत क्षेत्रहरुले गरेका कृषि क्रियाकलापसम्बन्धी बिस्तृत बिवरणहरु संकलन गर्नु मुख्य उद्देश्य हो।

**उत्तरदाता**

सम्बन्धित संस्थागत कृषिचलनको प्रमुख, म्यानेजर वा गैरघरपरिवारको मुख्य कृषक नै उत्तरदाता हुनेछ।

**प्रश्नकर्ता र कार्यक्षेत्रः**

यो सुपरिवेक्षकले भर्नुपर्दछ। सुपरिवेक्षकले आफ्नो कार्य क्षेत्र भित्रका गणना क्षेत्र रहेका वडाहरुको सम्पूर्ण संस्थागत कृषिचलनको लगत २ भर्नुपर्दछ। गणना क्षेत्र नरहेको वडामा रहेका संस्थागत कृषिचलनको गणना भने प्रदेश/जिल्ला कृषिगणना अधिकृतले कार्यबोझको आधारमा कुनै सुपरिवेक्षकलाई तोकी गणना गराउनुपर्दछ।

**संस्थागत कृषिचलन हुने आधारहरुः**

- सरकारी निकायद्धारा सञ्चालित कृषि कार्यहरु
- अर्धसरकारी निकायद्धारा सञ्चालित कृषि कायहरु
- कोअपरेटिभ आफैले सञ्चालन गरेका कृषि कार्यहरु
- पब्लिक लिमिटेडको रुपमा सञ्चालित कृषि कार्यहरु
- स्कुल, कलेज, धार्मिक तथा सांस्कृतिक प्रतिष्ठानद्धारा खुद आफैले सञ्चालन गरेका कृषि कार्यहर्रु
- व्यापारिक समूह /घराना (Business Group) द्धारा सञ्चालित कृषि कार्यहरु
- तोकिएको मापदण्ड पुरा गरी सञ्चालित कृषिकार्यहरु,
    - दुधदिने उमेर समुहका कम्तिमा ३५ वटा गाई ;
    - दुधदिने उमेर समुहका कम्तिमा २५ वटा भैसी ;
    - मासुका लागि कम्तिमा २५ वटा राँगा ;
    - कम्तिमा १५० वटा खसीबाखा ;
    - कम्तिमा १५० वटा च्यांग्रा ;
    - कम्तिमा १५० वटा भेडा ;
    - पाठापाठी उत्पादनको लागि कम्तिमा ३० वटा माउ बंगुर/सुंगुर ;
    - मासुको लागि ६ महिना पुरा भएका कम्तिमा ६० वटा बंगुर/सुंगुर ;

- कम्तिमा एक लटमा ५००० ब्रोइलर पालेका ;
- कम्तिमा १०००० लेयर्स पालेका ;
- कम्तिमा १०००० प्यारेण्ट/ग्राण्डप्यारेण्ट पालेका

**संस्थागत कृषिचलनको गणना गर्दा ध्यान दिनुपर्ने विषयहरुः**

- कृषिगणना कार्यालयले उपलब्ध गराएको संस्थागत कृषिचलनको सूचीमा रहेका कृषिचलनहरुको लगत २ भर्नुपर्दछ।
- संस्थागत कृषिचलनको विवरण भर्दा अगाडिको कभरपेजमा ठूलो अक्षरले "**संस्थागत कृषिचलन**" भनी लेख्नुपर्दछ।
- संस्थागत कृषिचलनलाई नै कृषक परिवार वा कृषिचलन मानी विवरण भर्नुपर्दछ।
- कभरपेजको फारम क्रमसंख्यामा जिल्लाको सवै संस्थागत कृषिचलनहरुको विवरण संकलन भइसकेपछि सवै संस्थागत कृषिचलनहरुलाई सिलसिलेवार नम्बर दिइ एउटै रेकर्ड फाएलमा राखी विभाग पठाउनुपर्दछ।
- कभरपेजको प्रश्न नं. ५, ६ र ७ बाहेक सवै भर्नुपर्दछ।
- भाग २ को प्रश्न नं.२.१ र २.२, भाग ३, ४, ५, ६, ७, ८, ९, १०, ११ को सवै सान्दर्भिक प्रश्नहरु र भाग १३ को प्रश्न नं.१३.९ मात्र सोध्नुपर्दछ।
- जुन कृषि कार्यले संस्थागत कृषिचलन भएको हो सोसँग सम्बन्धित विवरण मात्र भर्नुपर्दछ।
- कुनै संस्थागत कृषिचलनले संस्थागत कृषि कार्य बाहेक अन्य कृषि कार्य पनि गरेको रहेछ भने संस्थागत कृषि कार्यसंग सम्बन्धित बाहेक अन्य कृषिकार्यहरु गणकले लगत १ सूचीकरण कार्य गर्दा समेट्नुपर्दछ। जस्तै कुनै परिवारले ३५ वटा दुधदिने उमेर समुहका गाईपालेको छ र अन्य खद्यान्नबाली वा तरकारी बाली वा फलफुलखेती पनि गरेकोछ भने गाईपालनसंग सम्बन्धित विवरण जस्तै गाईगोठले ओगटेको क्षेत्रफल, गाईकोलागि डालेघास वा भुइघासले ओगटेको क्षेत्रफल आदि सुपरिवेक्षकले संस्थागत विवरणमा लिनुपर्दछ भने बाकी बालीहरु र त्यो संग सम्बन्धित विवरण गणकले अरु कृषिचलन वा सोसरह मानी सूचीकरणमा लिनुपर्दछ।
- सुपरिवेक्षकले आफुमातहत रहेका गणकलाई स्थलगत कार्य शुरुहुन भन्दा पहिले कुनकुन गणकको कार्यक्षेत्रमा संस्थागत कृषिचलन पनि छ सोको जानकारी गराउनुपर्दछ जस्ले गर्दा दोहोरिने वा छुट्ने संभावना हुदैन।